annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ८६, पृष्ठ ८ | काठमाडौं, शनिवार ९ साउन २०८३ | आषाढ शुक्लपक्ष एकादशी नेपाल संवत् ११४६ | SATURDAY, JULY 25, 2026 | मूल्य : रु. १०

आवरण समाचार

# न्यायपालिकामाथि चर्को दबाब, अन्तर्राष्ट्रिय समुदायले उठायो प्रश्न

संवैधानिक परिषद् ऐनमा अध्यादेशमार्फत गरिएको संशोधन, वरिष्ठता तोडेर गरिएको प्रधानन्यायाधीशको नियुक्ति र बहालवाला तीन वरिष्ठ न्यायाधीशलाई राजीनामा नदिए महाभियोग लगाउने धम्की दिइएको खबर सार्वजनिक भएसँगै नेपालको न्यायपालिका अन्तर्राष्ट्रिय निगरानीमा परेको छ। एम्नेस्टी इन्टरनेसनल, ह्युमन राइट्स वाच र इन्टरनेसनल कमिसन अफ जुरिस्ट्सले कार्यपालिकाको अनुचित राजनीतिक हस्तक्षेपका कारण नेपालमा न्यायिक स्वतन्त्रता, विधिको शासन र शक्ति पृथकीकरणको सिद्धान्त गम्भीर जोखिममा परेको भन्दै चिन्ता व्यक्त गरेका छन्।

**दिनेश गौतम** | *काठमाडौं*



विस्तृत पृष्ठ २

## ‘अनुमानका भरमा आरोप लगाउन मिल्दैन’


» अन्तर्वार्ता पृष्ठ २



## भित्री पृष्ठ




मैदानमा स्पेन, मनमा मेस्सी - पृष्ठ ३



मौन सम्बन्ध - पृष्ठ ४



भरियाको विश्व कीर्तिमानी यात्रा - पृष्ठ ५




मनास्लुमा ४१ प्रतिशतले पर्यटक वृद्धि - पृष्ठ ७


# व्यापार घाटा १७ खर्ब ८१ अर्ब नाघ्यो, आयातको दबदबा उस्तै

**किरण अधिकारी** | *काठमाडौं*

आर्थिक वर्ष २०८२/८३ मा नेपालको वैदेशिक व्यापारको आकार उल्लेखनीय रूपमा विस्तार भए पनि आयातको उच्च वृद्धिदरका कारण व्यापार घाटा झन् गहिरिएको छ। भन्सार विभागका अनुसार गत आर्थिक वर्षमा नेपालको कुल वैदेशिक व्यापार अघिल्लो वर्षको तुलनामा १५.८८ प्रतिशतले बढेर २४ खर्ब ११ अर्ब ६६ करोड रुपैयाँ पुगेको छ। तर, व्यापार विस्तारसँगै आयातको गति निर्यातभन्दा निकै तीव्र रहेकाले कुल व्यापार घाटा १७ खर्ब ८१ अर्ब ८ करोड रुपैयाँ पुगेको छ।

विभागको तथ्यांकअनुसार गत आर्थिक वर्षमा नेपालले २० खर्ब ९६ अर्ब ३७ करोड रुपैयाँबराबरका वस्तु आयात गरेको छ, जुन अघिल्लो वर्षको तुलनामा १६.२० प्रतिशतले बढी हो। अर्कातर्फ निर्यात १३.८१ प्रतिशतले वृद्धि भई ३ खर्ब १५ अर्ब २९ करोड रुपैयाँ पुगेको छ। निर्यातमा केही सुधार देखिए पनि आयातको तुलनामा यसको हिस्सा निकै सानो रहेकाले व्यापार सन्तुलन कायम हुन सकेको छैन। अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा कुल वैदेशिक व्यापार २० खर्ब ८१ अर्ब १५ करोड रुपैयाँ हुँदा व्यापार घाटा १५ खर्ब २७ अर्ब ९ करोड रुपैयाँ रहेको थियो। यस वर्ष व्यापार घाटा झन्डै २ खर्ब ५४ अर्ब रुपैयाँले थपिनुले नेपालको अर्थतन्त्र अझै पनि आयातमा टेकेको स्पष्ट पार्छ। नेपालले विदेशबाट मुख्यगरी पेट्रोलियम पदार्थ, मोबाइल फोन, विद्युतीय तथा इलेक्ट्रोनिक उपकरण, सवारी साधन, मेसिनरी, औद्योगिक कच्चा पदार्थ र उपभोग्य सामग्री आयात गर्दै आएको छ। पछिल्लो समय डिजिटल उपकरण र आधुनिक उपभोग्य वस्तुप्रतिको बढ्दो मागले आयात बढाउन भूमिका खेलेको छ। यता नेपालबाट अलैंची, प्रशोधित चिया, तयारी पोसाक, गलैंचा, जडीबुटी र हस्तकलाका सामग्री निर्यात हुने गरे पनि तिनको उत्पादन क्षमता र बजार पहुँच आयातको तुलनामा नगन्य छ।




वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका निर्देशक तारानाथ लुइँटेलका अनुसार आन्तरिक उत्पादनको आधार कमजोर हुनु नै बढ्दो आयातको मुख्य कारण हो। कृषिप्रधान देश भए पनि नेपाल खाद्यान्नमै आत्मनिर्भर हुन सकेको छैन। नागरिकहरू वैकल्पिक ऊर्जाको प्रयोगभन्दा आयातित इन्धनमै निर्भर छन्। ऊर्जा, औद्योगिक कच्चा पदार्थ, प्रविधि तथा उपभोग्य सामग्रीमा विदेशी बजारप्रतिको निर्भरता कायम रहेकाले स्वदेशी उत्पादन विस्तार नगरी व्यापार घाटा घटाउन कठिन हुने लुइँटेलको भनाइ छ। ‘हामी कृषिप्रधान देश भए पनि खाद्य वस्तुमा आत्मनिर्भर हुन सकेका छैनौं। मानिसहरू वैकल्पिक ऊर्जाको प्रयोगभन्दा इन्धनमै निर्भर भइरहेका छन्,’ उनले भने, ‘ऊर्जा, औद्योगिक कच्चा पदार्थ र प्रविधिमा विदेशी बजारप्रतिको निर्भरता कायम रहेकाले आयात निरन्तर बढिरहेको छ।’

» बाँकी पृष्ठ ६

# त्रिपालभित्र बित्छ देवलका ८३ परिवारको रात

**शिव उप्रेती** | *गोरखा*

चुमनुब्री गाउँपालिका-३ देवल गाउँकी ६० वर्षीया पुन्नीमाया गुरुङको झिमिक्क आँखा नलागेको दुई हप्ता भयो। अचेल हररात झमझम पानी पर्छ अनि घरमुनि गड्गडाएर पहिरो झरिरहन्छ। चिन्ता र अत्यासले उनको हररात त्रिपालभित्र रोएर बित्छ।

हेर्दाहेर्दै आँखैअघि पहिराले घर लगेको चार वर्ष भयो। ओतलाग्ने घरमात्र होइन, गरिखाने बारी पनि पहिराले लग्यो। त्यसयता उनको परिवार त्रिपालमुनि जीवन गुजारिरहेको छ।

‘माथिबाट झमझम पानी परिरहन्छ, तलबाट गुट्टु पहिरो झरिरहन्छ। कसरी निदाउने ?’, उनी भन्छिन्, ‘रातभर झिमिक्कै आँखा लाग्दैन। दिनभरि खेतीकिसानीको काम गर्नुपर्छ। सधैं बिरामीजस्तै छौं हामी देवलका मान्छे।’

कृष्ण गुरुङको पाँच जनाको परिवार पनि त्रिपालभित्र बसेको दुई हप्ता भयो। ‘हाम्रो घरको आँगनसम्म पहिरो आइपुगेको छ। घर टेढो भएर बसेको छ। झ्याल पनि लाग्दैन, ढोका पनि लाग्दैन’, उनी भन्छन्, ‘सधैंको पहिरोले मन थाम्न सक्ने त रुँदैनन्। कमजोर मन हुनेहरू त रोएरै बसिरहेका छन्।’ कृष्ण र पुन्नीको मात्र होइन, देवल गाउँका ८३ घरपरिवारको साझा कथा हो।



**तीन दशक पुरानो चुमनुब्री-३ देवलगाउँको पहिरो र पहिराले घर लगेपछि टहरामा बस्दै चुमनुब्री-३ देवलका बासिन्दा।** ● अन्नपूर्ण

यो बर्खामा पानी पर्न थालेपछि चार घर बगिसक्यो। ‘यो वर्ष पानी पर्न थालेपछि कान्छा गुरुङ, कुशमान गुरुङ, लाली गुरुङ र रामकुमार गुरुङको घरचाहिँ स्वाट्टै लग्यो’, उनी भन्छन्, ‘अरू घरहरू पनि सबै बांगो-टेढो भएर बसेका छन्। कुनैको पनि झ्यालढोका लाग्दैन।’ पहिरोबाट टाढा घर भएकाहरू घरमै बसे पनि धेरैजसो घरधुरी त्रिपालमुनि बसोबास गरिरहेको उनको भनाइ छ।

देवलगाउँको रुवाबासी हेर्न बेलाबेला बाहिरका मान्छे पनि आउने गर्छन्। नापजाँच गरेर जान्छन्। तर, नतिजा केही नआएर गाउँले आजित भइसके।

### ८३ घर स्थानान्तरण गर्न सिफारिस

देवल गाउँ पहिरोको जोखिमपूर्ण भएको धेरै वर्ष भयो। धेरैपटक भूगर्भविद्हरू आउने, अध्ययन गर्ने, अति जोखिम ठहर गर्दै तत्काल स्थानान्तरण गर्न सिफारिस गर्ने गरेको पनि धेरै वर्ष भयो, तैपनि यो गाउँ स्थानान्तरण हुन सकेको छैन।

अन्तिम पटक गत जेठ महिनामा पनि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले अध्ययन गरेको थियो। ‘गत जेठ २८ गते पनि भूगर्भविद्हरूको टोली अध्ययन गर्न आउनुभा’थ्यो’, वडाध्यक्ष रामकुमार गुरुङ भन्छन्, ‘उहाँहरूले देवलका ८३ घरलाई तत्काल स्थानान्तरण गर्नुपर्छ भनेर सिफारिस गर्नुभएको छ।’ स्थानान्तरणका लागि ठूलो फिलिम, सानो फिलिम र पाती गाउँ प्रस्ताव गरेको उनले बताए।

तीन दशकदेखि पहिरोको चपेटामा परेका स्थानीयवासी जहाँ सारे पनि सर्न तयार रहेको बताउँछन्। ‘वडाले पनि पहल गरिरहेका छौं भन्छ, गाउँपालिकाले पनि पहल गरिरहेका छौं भन्छ। त्यहाँभन्दा माथि त बुझ्ने ठाउँ पनि थाहा छैन, कसलाई सोधौं,’ स्थानीय कृष्ण गुरुङ भन्छन्, ‘जहाँ सार्दिए पनि हुन्छ, हामी तयार छौं। केन्द्रमा हाम्रो मान्छे नभएर हो कि! अहिले त गृहमन्त्री पनि हाम्रै गाउँको हुनुहुन्छ। अब त बाँचिन्छ कि भन्ने आशा छ। गाउँको दुःख, पीर बुझिदिनुहुन्छ कि भनेर जिताएर पठाएका मान्छे गृहमन्त्री हुनुभएको छ। केही हुन्छ कि भन्ने आशा छ।’

» बाँकी पृष्ठ ६